अनुसूची-२

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः-८ संख्याः-२३ मितिः-२०८२/१२/२७

## भाग-२

## बर्दिवास नगरपालिका

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**नगरपालिकाको नीति, कानून, मापदण्ड र निर्णयहरुको कार्यान्वयनमा सहयोग गरी समृद्ध नगरको लक्ष्य हासिल गर्न नगर प्रहरीको कर्तव्य, अधिकार, जिम्मेवारी र भूमिकामा स्पष्टता ल्याई उच्च मनोबलका साथ कार्य गर्ने बातावरण तयार गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नाम नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,

२०८२ रहेको छ।

(२)यो कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ।

घ) "प्रमुख" भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

ङ) "समिति" भन्नाले पदपूर्ति समित सम्झनु पर्दछ।

च) "नगर प्रहरी" भन्नाले यस कार्यविधि बमोजिम नगरपालिकाबाट नियुक्त नगर प्रहरी कर्मचारी सम्झनु पर्दछ।

छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोक्ने विषयवस्तु सम्झनु पर्दछ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन तथा सञ्चालन

**३. नगर प्रहरी सेवाको गठनः**नगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ। नगर प्रहरी सेवाको विभिन्न पद र पद अन्तर्गत रहने नगर प्रहरी कर्मचारीहरुको संख्या र पदपूर्ती सम्बन्धी व्यवस्था यस कार्यविधि बमोजिम हुनेछ।

**४. नगर प्रहरीको पदः**(१)नगर प्रहरीको पद देहाय अनुसार हुनेछः

क) नगर प्रहरी नायब निरीक्षक,

ख) नगर प्रहरी सहायक निरीक्षक,

ग) नगर प्रहरी हवल्दार,

घ) नगर प्रहरी जवान।

(२) उपदफा (१) को पद अन्तर्गत रहने गरी नगर प्रहरीको दरबन्दी र संख्या अनुसूची-१ बमोजिम हुनेछ।

(३) नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार यस कार्यविधि र कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**५. नगर प्रहरीको योग्यताः**(१) नगर प्रहरी कर्मचारीहरुको योग्यता देहाय बमोजिम हुनेछः

**नगर प्रहरी नायब निरीक्षकका लागिः**

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) उमेर ३० वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

घ) नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको सुवेदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको,

ङ) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

च) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र,

छ) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र

ज) पुरुषको हकमा घटिमा उचाईः ५ फिट २ इन्च, छातीः ३१-३३ इन्च, तौल ५२ केजि र महिलाको हकमा घटिमा उचाईः ५ फिट, तौल ५० केजि,

झ) आँखा माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

**नगर प्रहरी सहायक निरीक्षकका लागिः**

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ग) उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी सहायक निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको जमदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको,

घ) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

ङ) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र,

च) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र

छ) पुरुषको हकमा घटिमा उचाईः ५ फिट २ इन्च, छातीः ३१-३३ इन्च, तौल ५२ केजि र महिलाको हकमा घटिमा उचाईः ५ फिट, तौल ५० केजि,

ज) आँखा माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

**नगर प्रहरी हवल्दारको लागिः**

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE तह वा सो सरह उत्तीर्ण गरेको,

ग) उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी हवल्दार / जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी हवल्दार / जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको हवल्दार / जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको,

घ) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

ङ) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र,

च) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र

छ) पुरुषको हकमा घटिमा उचाईः ५ फिट २ इन्च, छातीः ३१-३३ इन्च, तौल ५२ केजि र महिलाको हकमा घटिमा उचाईः ५ फिट, तौल ५० केजि,

ज) आँखा माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

**नगर प्रहरी जवानको लागिः**

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको,

ग) उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरीजवान पद वा सो भन्दा माथि, नेपाली सेनाको जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको,

घ) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

ङ) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र,

च) सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र

छ) पुरुषको हकमा घटिमा उचाईः ५ फिट २ इन्च, छातीः ३१-३३ इन्च, तौल ५२ केजि र महिलाको हकमा घटिमा उचाईः ५ फिट, तौल ५० केजि,

ज) आँखा माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

(२)नगर प्रहरी सेवाको पदमा पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको र तोकिएको शैक्षिक योग्यता भएको नगर प्रहरी कर्मचारी एक तह माथिको पदमा उम्मेदवार हुन पाउनेछ।

(३)नगरपालिकामा कार्यरत रहने नगर प्रहरी कर्मचारीहरुको हकमा उमेर हद लागु हुने छैन।

## परिच्छेद-३
## पदपूर्ती

**६. पदपूर्ती सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकालाई आवश्यक पर्ने नगर प्रहरीको पदपूर्तीको लागि देहायको सदस्यहरु रहेको एक पदपूर्ती समिति रहनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी-संयोजक

ख) प्रहरी वा सेनामा अधिकृतस्तरको काम गरी सेवा निवृत भएका वा हाल बहाल रहेका विषय विज्ञ -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

(२) नगर प्रहरीको करार सेवाको पदपूर्ती शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा हुनेछ।

(३) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ती गर्दा कम्तिमा ३३ प्रतिशत महिला हुने गरी पदपूर्ती गर्नुपर्नेछ।

(४) पदपूर्ती समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) पदपूर्तीको लागि प्रतिशत निर्धारण गर्ने,

ख) नेपाल प्रहरीको समान पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार लिई सोही अनुसार वा आवश्यकता अनुसार पाठ्यक्रममा परिमार्जन गरी निर्धारण गर्ने,

ग) पदपूर्ती कार्यतालिका बनाउने,

घ) पदपूर्तीका लागि सूचना प्रकाशन गर्ने,

ङ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

च) सेवा करारको लागि सिफारिस गर्ने।

(५) समितिले पदपूर्ती सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

(६) समितिले पदपूर्तीको लागि नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा नेपाली सेनाको सहयोग लिन सक्नेछ।

**७. छनौट सम्बन्धी व्यवस्थाः**नगर प्रहरी कर्मचारी छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) नगर प्रहरी कर्मचारीको पद, योग्यता, पारिश्रमिक, सेवा शर्त लगायतका विषयहरु तोकी अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) दरखास्त फारमको नमूना अनुसूची-३ बमोजिम हुनेछ। आवेदन दस्तुर नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

(३) शारीरिक तथा स्वास्थ्य परीक्षण नेपाल प्रहरीको प्रचलित मापदण्ड अनुसार हुनेछ।

(४)उपदफा (३) बमोजिमको परीक्षामा उत्तीर्ण उम्मेदवारहरुलाई देहायको आधारमा समितिले मूल्यांकन गर्नुपर्नेछः

**क) लिखित परीक्षा - ६० अंक**(वस्तुगत प्रश्नको आधारमा लिखित परीक्षा लिनुपर्नेछ।)

**ख) स्थानीय बासिन्दा -५ अंक**(बर्दिवास नगरपालिका भित्र स्थाई ठेगाना भएमा ५ अंक दिनु पर्नेछ।)

**ग) नगरपालिकामा कार्यरत नगर प्रहरी-५ अंक**(नगरपालिकामा कार्यरत नगर प्रहरीको हकमा ५ अंक दिनु पर्नेछ।)

**घ) अन्तर्वार्ता -३० अंक**(यस अनुसार अंक प्रदान गर्दा न्यूनतम १२ र अधिकतम २१ को सीमाभित्र रही प्रदान गर्नु पर्नेछ।)

(५) यस दफा बमोजिम प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी सेवा करारको लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्नुपर्नेछ। बढीमा ३ जना योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राख्न सकिनेछ।

**८. सेवा करारः**नगर प्रहरी कर्मचारीलाई समितिको सिफारिसको आधारमा प्रमुख प्रशासकीय अधिकृतले सेवा करार गर्न सक्नेछ। करार सम्झौता अनुसूची-४ बमोजिम हुनेछ।

**९. जेष्ठता कायम गर्नेः**नगर प्रहरी कर्मचारीहरुको जेष्ठता कायम गर्दा नियुक्ति मिति र योग्यताक्रमलाई आधार लिईनेछ।

**१०. उमेर हदः**नगर प्रहरी कर्मचारीको सेवामा उमेर हद ५८ वर्षसम्मको हुनेछ।

**परिच्छेद-४**

**काम, कर्तव्य र अधिकार**

**११. काम, कर्तव्य र अधिकारः**नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- सार्वजनिक बाटो आसपासका अवरोध हटाउने वा हटाउन लगाउने,
- फोहोरमैला व्यवस्थापनको क्रममा निर्धारित स्थानमा बाहेक अन्य स्थानमा फालेका पाइएमा सचेत गराउने, आर्थिक ऐन बमोजिम जरिवाना गर्ने र थप कारवाहीको लागि नगरपालिकाको प्रमुख, प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,
- सार्वजनिक जग्गा, सांस्कृतिक सम्पदा लगायत सार्वजनिक सम्पतिको संरक्षण गर्ने तथा नगर प्रमुखको आदेशबमोजिम अतिक्रमित संरचना भत्काउने वा भत्काउन लगाउने,
- नगरक्षेत्रमा अनियमित निर्माण कार्य गरेको, नक्सा पास नभई निर्माण कार्य गरेको, मापदण्ड विपरित निर्माण कार्य गरेको सम्बन्धमा नियमित गस्ती, निगरानी गर्दा वा आमजनताहरुबाट गुनासो गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेस गर्ने यस्ता नियम विपरितका संरचना हटाउनको लागि नगरपालिकालाई आवश्यक सहयोग गर्ने,
- सार्वजनिक स्थलमा छोडिएका चौपाया नियन्त्रणमा लिई व्यवस्थापन गर्ने, गराउने तथा छाडा छाडिएका पशुधनिको पहिचान भएमा नियमानुसार जरिवाना गरी पशुधनिलाई बुझाउने,
- न्यायिक समितिबाट सम्पादन हुने कार्यमा आवश्यकतानुसार सहयोग गर्ने,
- सडेगलेका हानिकारक चीज वस्तु बिक्रि गरेको पाईएमा तत्काल रोक लगाई नगरपालिकामा जानकारी गराउने तथा नियमानुसार सामान जफत गर्ने र आर्थिक ऐन बमोजिम जरिवाना गर्ने,
- रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी, जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने,
- छाडा कुकुर नियन्त्रण सम्बन्धि कार्य गर्ने तथा समुदाय र पशुपन्छी शाखाको समन्वयमा छाडा कुकुर व्यवस्थापन गर्ने,
- मरेका जीवजन्तु समयमै हटाउने तथा गाड्न लगाउने,
- जोखिमयुक्त रुखहरु पहिचान गरी काट्न लगाउने,
- जोखिमपूर्ण घर, पर्खाल तथा संरचनाहरु पहिचान गर्ने तथा आवश्यक प्रक्रिया पुऱ्याई नगर प्रमुखको आदेश बमोजिम भत्काउने वा भत्काउन लगाउने,
- वडा कार्यालय, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा

र सामाजिक विकृति हटाउने कार्य गर्ने/ गराउने,

- नगरको सुरक्षा व्यवस्था कायम गर्ने तथा नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन उपकरण आदिको सुरक्षा गर्ने,
- ईजाजत बिना पेशा व्यवसाय गरेको फेला परेमा उक्त पेशा व्यवसाय दर्ता/ नवीकरण गर्न लगाउने,
- नगरपालिका क्षेत्रमा भित्ते लेखन, पोलव्यानर, क्रसव्यानर र निषेधित विज्ञापन प्रचार-प्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णत: प्रतिबन्ध लगाउने, अटेर गर्नेलाई आर्थिक ऐन बमोजिक जरिवाना सहित कारवाही गर्ने,
- बिना ईजाजत व्यानर, होडिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामग्री राखेको पाईएमा ईजाजत लिन लगाउने, नमानेमा त्यस्ता सामग्री हटाई आर्थिक ऐन बमोजिम जरिवाना गर्ने,
- नापतौलका सामग्रीको चेकजाँच गर्ने, पसल व्यवसायमा मूल्यसूची राख्न लगाउने, अखाद्य र म्याद गुज्रेका सामानहरु चेक गर्ने, नष्ट गर्ने लगायतका कार्यमा नगरबाट बजार अनुगमनमा खटिएको टोलीलाई आवश्यक सहयोग गर्ने,
- होटल, रेष्टुरेन्ट,गेष्टहाउस, मसाज, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप चलेको नपाईएमा कारवाहीका लागि प्रतिवेदन पेस गर्ने,
- नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवा, तास, लागु पदार्थ लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने,
- नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्ता व्यापारीहरुको लगत राख्ने,
- बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी प्रदुषण गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,
- शहरमा ध्वनी, धुँवा, प्रकास अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने,
- नगरपालिका क्षेत्रभित्रका निजी सुरक्षागार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूचि तयार गरी लगत राख्ने र अनुगमन गर्ने,
- नगरपालिकाबाट सञ्चालन भएको दमकल ( Fire Brigade) सेवालाई चौबिसै घण्टा चुस्त दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त प्रतिकार्यका लागि सहयोग गर्ने,
- विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटिने,
- नगरपालिका मातहतका महाशाखा, शाखा,आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने/गराउने,
- अनधिकृत क्षेत्रमा पार्किङ्ग गर्न नदिने तथा ट्राफिक प्रहरी समेतको सहयोगमा ट्राफिक व्यवस्थापन गर्नुका साथै आवश्यकता अनुसार साधनहरु(मोटर साईकल, साईकल, ठेला आदी) उठाई नगरपालिकामा पुऱ्याउने वा व्हील लक गर्ने तथा आर्थिक ऐन बमोजिम जरिवाना गर्ने,

- कार्यालय परिसरमा सवारी पार्किङ्ग व्यवस्थापन गर्ने,
- सडक तथा सडकको क्षेत्राधिकार भित्र वा कुनै सार्वजनिक स्थानमा निमार्ण सामाग्री राखी त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्नेलाई तत्काल सामग्री हटाउन लगाई आर्थिक ऐन बमोजिम जरिवाना गर्ने,
- स्थानिय व्यवस्थापन गर्नेगराउनेः सडक तथा सडक पेटी एवं सडकको क्षेत्राधिकार भित्र कुनै पसल व्यवसाय संञ्चालन गर्ने नदिने, भएकाको हकमा हटाउन लगाउने, अटेर गरेमा त्यस्ता सामग्री उठाई नियन्त्रणमा राख्ने, सम्बन्धित व्यक्ति वा संस्थाले तीन दिन भित्र आफ्नो सामान लिन आएमा आर्थिक ऐन बमोजिम जरिवाना गरी सामग्री फिर्ता गर्ने,तिन दिन पुरा भए पछि पनि सम्पर्क राख्न नआएमा प्रचलित बजार मूल्य अनुसार बिक्रि गरी आम्दानी नगरपालिकाको खातामा जम्मा गर्ने तथा सडी, कुही जाने सामग्रीलाई तत्काल विक्रि गर्ने वा उचित व्यवस्थापन गर्ने,
- कारवाहीका सिलसिलामा कसैलाई हिरासतमा राख्नु पर्ने भएमा आवश्यक प्रक्रिया पुरा गरी प्रहरी कार्यालयमा बुझाउने,
- नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले निर्देशन दिए बमोजिमका कार्यहरु गर्ने गराउने,
- तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-५
## बिदा तथा आचारण

**१२. बिदाः**नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको बिदा पाउने छ। प्रमुख प्रशासकीय अधिकृतसँग बिदा स्वीकृत गराउनु पर्नेछ।

**भैपरी बिदाः**

- वर्षमा १२ दिनमा नबढाई भैपरी बिदा पाईनेछ,
- भैपरी बिदा सञ्चित हुने छैन।

**प्रसूति बिदाः**

- महिला नगर प्रहरी कर्मचारीलाई सुत्केरी हुनु अघि र पछि गरी ९८ दिन प्रसुति बिदा दिइनेछ। यो बिदा करार सेवा अवधिमा बढीमा दुई पटक मात्र पाईनेछ।
- यो बिदामा बस्दा पुरा तलब पाईनेछ।

**मृत्यु संस्कार बिदाः**

- कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा वा बाबुआमा, बाजेबज्यै, छोराछोरी, पतिपत्नी वा

सासूससुराको मृत्यु भएमा पन्ध्र दिन मृत्यु संस्कार बिदा पाईनेछ।

**१३. आचरणः**नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछः

क) कार्यालयको काममा कुनै असर पर्ने गरी नगर प्रहरी र निजका परिवारका सदस्यले कुनै प्रकारको दान, बकस तथा उपहार स्वीकार गर्नु हुँदैन,

ख) कुनै किसिमको चन्दा माग्न वा लिन हुँदैन,

ग) नगरपालिकाको स्वीकृति बिना कुनै व्यापार व्यवसाय गर्न पाईने छैन,

घ) नगरपालिकालाई असर पुग्ने गरी कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाईने छैन,

ङ) नगर प्रहरी कर्मचारीले कुनै राजनितिक दलको सदस्य बन्न र पक्षपोषण गर्न पाईने छैन,

च) निर्वाचनमा कुनै राजनीतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिन हुँदैन,

छ) तोकिएको समयमा तोकिएको पोशाक सहित नियमित रुपमा हाजिर हुनु पर्नेछ र साधारणतया पहिले बिदा स्वीकृत नगराई अनुपस्थित हुनु हुँदैन,

ज) आफ्नो कर्तव्य तत्परताको साथ पालना गर्नु पर्नेछ,

झ) कार्यालयको काममा आफूभन्दा माथिका अधिकृतले दिएका आज्ञालाई तदारुकताका साथ पालना गर्नु पर्दछ,

ञ) जनप्रतिनिधिहरु र माथिका सबै कर्मचारीहरुप्रति उचित आदर देखाउनु पर्नेछ साथै आफूभन्दा मुनिका कर्मचारीहरुसँग उचित व्यवहार गर्नु पर्नेछ,

ट) आफ्नो मतलबको लागि कुनै अनुचित प्रभाव पार्नु हुँदैन।

## परिच्छेद-६

## सजाय

**१४. सजायः** उचित र पर्याप्त कारण भएमा सफाई पेश गर्ने अवसर दिई नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१.<u>चेतावनी दिनेः</u> देहायको अवस्थामा चेतावनि दिने वा नसिहत दिने सजाय गर्न सकिनेछः

क) सन्तोषजनक काम नगरेमा,

ख) अनुशासनहिन कार्य गरेमा,

ग) आचरणसम्बन्धी व्यवस्था उल्लङ्घन गरेमा,

घ) आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ) बिदा नलिई गैर हाजिर भएमा,

च) तोकिएको जिम्मेवारीमा लापरवाही गरेमा।

<u>२.नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः</u> देहायको अवस्थामा नोकरीबाट हटाउन वा बर्खास्त गर्न

सकिनेछः

क) करार सेवामा उल्लेखित दायित्व पूरा गर्न नसकेमा,

ख) राजनीतिमा भाग लिएमा,

ग) पटक पटक अनुशासनहीन कार्य गरेमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगको कार्य गरेमा,

ङ) ड्युटीमा रहको वा नरहेको अवस्थामा वर्दी लगाई कुनै मादक पदार्थ सेवन गरी हिँडेमा वा जथाभावी गरेमा,

च) अधिकार प्राप्त अधिकारीको निर्देशन पालना नगरेमा वा उल्लङ्घन गरेमा वा भष्ट्रचार जन्य कार्य गरेमा,

छ) आचरण सम्बन्धी नियमहरु बारम्बार उल्लङ्घन गरेमा।

(२) नगर प्रहरी कर्मचारीले कुनै गुनासो तथा उजुरी सम्बन्धित नगर प्रहरी प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगर प्रमुख समक्ष पेश गर्न सक्नेछन्।

## परिच्छेद-७
## विविध

**१५. सुविधाः** नगर प्रहरी कर्मचारीको सुविधा देहाय बमोजिमको हुनेछः

क) तलब पद अनुसार नेपाल प्रहरी सेवा बमोजिम हुनेछ,

ख) कार्यपालिकाको निर्णय अनुसार राशन भत्ता उपलब्ध गराईनेछ,

ग) नगर प्रहरीको पोशाक तोके बमोजिम हुनेछ र वर्षमा एकपटक पोशाक भत्ता उपलब्ध गराईनेछ,

घ) नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिना बराबरको तलब वर्षको एकपटक चाड पर्व खर्चको रुपमा उपलब्ध गराईनेछ,

ङ) नगर प्रहरीलाई आधारभुत तालिमको साथै सेवाकालिन तालिम उपलब्ध गराईनेछ।

च) कार्यपालिकाले तोके बमोजिम।

**१६. जवाफदेहिता र उत्तरदायित्वः**(१)नगर प्रहरी नगर प्रमुखकको मातहत रहनेछन्। नगर प्रहरीको

परिचालन, रेखदख, नियन्त्रण र निर्देशन प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।
(२)नगर प्रहरी कर्मचारी कार्यपालिका, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत प्रति उत्तरदायि र जवाफदेही हुनुपर्नेछ।
(३)नगर प्रहरी कर्मचारीले ड्युटी मिलाई चौबिसै घण्टा सेवा प्रदान गर्नु पर्नेछ।

**१७. सेवा करारमा सुरक्षा जनशक्ति लिने सम्बन्धमाः** सुरक्षा जनशक्ति आपूर्ति गर्ने व्यवसायिक फर्म वा कम्पनिसँग सेवा करार गरी निश्चित समयको लागि सुरक्षा जनशक्ति लिई नगर प्रहरीको रुपमापरिचालन गर्न सकिनेछ।

**१८. सवारी चालक:** (१)नगरपालिकाको ठुँला तथा साना सवारी साधन र दमकल चालकको रुपमा नगर प्रहरी हवल्दारको पद कायम गरी नगर प्रहरी भर्ना गर्न सकिने छ।यसरी भर्ना हुने नगर प्रहरीले चालकको साथै दफा (११) बमोजिमको कार्यहरु समेत गर्नुपर्नेछ।
(२) उपदफा (१) बमोजिम चालकको योग्यता नगर प्रहरी हवल्दार हुन आवश्यक योग्यताको साथै सम्बन्धित सवारी चालक अनुमती पत्र समेत आवश्यक हुनेछ।

**१९. व्याख्या गर्ने अधिकारः** यस कार्यविधि कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाले गर्ने व्याख्या आधिकारिक र अन्तिम हुनेछ।

**२०. खारेजी तथा बचाउ**ः(१) नगर प्रहरी कार्यविधि, २०७५ खारेज गरिएको छ।
(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

**(दफा ४ को उपदफा २ सँग सम्बन्धित)**

**बर्दिवास नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**बर्दिवास, महोत्तरी।**

**नगर प्रहरी दरबन्दी र संख्या**

नगर प्रहरी कर्मचारीको दरबन्दी संख्या निम्न अनुसार हुनेछः

क) नगर प्रहरी नायब निरीक्षकः **१ (एक)**

ख) नगर प्रहरी सहायक निरीक्षकः **१ (एक)**

ग) नगर प्रहरी हवल्दारः **३ (तीन)**

घ) नगर प्रहरी जवानः **१३ (तेह्र)**

नोटः बजार व्यवस्थापन, दमकल लगायतका ठुला सवारी व्यवस्थापन, फोहोरमैला व्यवस्थापन तथा यस कार्यविधि बमोजिम तोकिएको कार्यहरु गर्न जिम्मेवारी तोकिनेछ।

बर्दिबास राजपत्र

अनुसूची-२

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**बर्दिवास नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**बर्दिवास, महोत्तरी।**

**नगर प्रहरी सेवा करारमा लिने सूचना**

बर्दिवास नगरपालिका अन्तर्गत रहने गरी देहाय बमोजिम नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम, दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयबाट वा नगरपालिकाको वेबसाइट www.bardibasmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

| क्र.स | विज्ञापन नं. | पद | किसिम | पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | खुला | | |
| २ | | | महिला | | |

अनुसूची -३

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

**बर्दिवास नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**बर्दिवास, महोत्तरी।**

**नगर प्रहरी करार सेवाका लागि दरखास्त फारम**

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो

दरखास्त दिनेको नामः

विज्ञापन नम्बरः

फारम पेस गर्ने कार्यालयः

**व्यक्तिगत विवरणः**

| | | | |
|---|---|---|---|
| व्यक्तिगत विवरण | नाम थर | देवनागरीमाः | |
| | | अंग्रेजीमाः | |
| | नागरिकता नम्बरः | जारी गर्ने जिल्ला र मितिः | लिङ्गः |
| स्थायी ठेगाना | जिल्लाः | स्थानिय तहः | वडा नम्बर र टोलः |
| पत्राचार गर्ने ठेगानाः<br>इमेलः | | | फोन नम्बरः |
| जन्म मिति | विक्रम सम्बत(साल, महिना, गते) | | हालको उमेरः |
| बुवा आमा | बुवाको नामथरः<br>आमाको नामथरः | | |
| बाजे | बाजेको नामथरः | | |

**शैक्षिक योग्यता/तालिमः**

दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्नेः

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/ तालिम | संकाय | श्रेणी/तह | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |

अनुभव सम्बन्धी व्यवस्थाः

| कार्यालय | पद | सेवा/समुह/उपसमुह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधी | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |

**स्वघोषणाः** यस दरखास्तमा बुझाएको सम्पूर्ण विवरणहरु सत्य साँचो छ। दरखास्त बुझाएको पदको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। यस दरखास्त पेस गरेको विवरण झुठा सावित भए कानून बमोजिम सहुँला/बुझाउँला।

| उम्मेदवारको नामः | | उम्मेदवारको दस्तखत र मितिः |
|---|---|---|
| दायाँ | बाँया | |
| **कार्यालयले भर्नेः** | | |
| रसिद/भौचर नं. | | रोल नं. |
| दरखास्त अस्वीकृत भए सो को कारणः | | |
| दरखास्त रुजु गर्ने अधिकारीको नामः<br>दस्तखतः | | |

अनुसूची -४
(दफा ७ सँग सम्बन्धित)
**बर्दिवास नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बर्दिवास, महोत्तरी।**
**करार सम्झौता**

बर्दिवास नगरपालिका (प्रथम पक्ष भनि सम्बोधन गरिएको) र ............................पालिका /वडा नं ...............बस्ने ........................... ............. (दोस्रो पक्ष भनि सम्बोधन गरिएको) का बिच बर्दिवास नगरपालिकाको नगर प्रहरी कार्मचारीको रुपमा कामकाज गर्न / गराउन मिति ...................को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करार सम्झौता गरी एक एक प्रति आपसमा बुझि लियौं / दियौः

१) **कामकाज सम्बन्धमाः** प्रथम पक्षले तोकेको समय र स्थानमा उपस्थित भई दोस्रो पक्षले तोकिएको जिम्मेवारी अनुसारको कार्य गर्नु पर्नेछ।

२) **काम गर्नु पर्ने स्थानः**बर्दिवास नगरपालिकाकाको भौगोलिक क्षेत्रभित्र।

३) **सेवा सुविधाः** करारमा काम गरे बापत पाउने पारिश्रमिक तथा सेवा सुविधा **नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,**२०८२ बमोजिम हुनेछ।

४) **आचरणको पालनाः** दोस्रो पक्षले **नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२** तथाबर्दिबास नगरपालिकको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धि व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

५) **बिदाः** बिदा अधिकार होइन सहुलिएत हुनेछ।साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनुपर्नेछ। बिदा सम्बन्धी अन्य व्यवस्था **नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२** बमोजिम हनेछ।

६) **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७) **गोपनियताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा संस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सो बाट भएको हानी नोक्सानीको क्षतिपूर्ती भराइनेछ र कालो सूचिमा

समेत राखी कानून बमोजिम कारवाही गरिनेछ।

८) **करार अवधिः** यो करार मिति.......... देखि लागू भई मिति......... सम्मको लागि हुनेछ ।

९) **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार अवधि थप हुन सक्नेछ।

१०) **करार सेवाको अन्त्यः** दोस्रो पक्षको कार्यसम्पादन मूल्यांकन कमजोर भएमा पहिलो पक्षले जुनसुकै समयमा करार सेवा अन्त्य गर्न सक्नेछ।

११) **पारिश्रमिक कट्टीः** दोस्रो पक्षले पहिलो पक्ष बाट बिदा स्वीकृत नगराई लगातार अनुपस्थित रहेमा सो अवधीको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ।

१२) **दावी नपुग्नेः** दोस्रो पक्षले यस करार बमोजिम काम गरेको आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाउनेछैन र गर्ने छैन ।

१३) **प्रचलित कानून लागु हुनेः** यस सम्झौतामा उल्लेख नभएको कुरा **नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२** तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**बर्दिवास नरपालिकाको तर्फबाट**
हस्ताक्षरः
नामः
पदः
मितिः
कार्यालयको छापः

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति)**
हस्ताक्षरः
नामः
पदः
मितिः

आज्ञाले,
राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत